## २. PLMBIS Code No. ६ .२ .२ .३७९ अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सि.बि.आर) सहयोग कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | १. अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने,<br>२. अपाङ्गता भएका व्यक्तिहरुको सबै पक्षको विकासको लागि स्थानीय समुदाय र विकासका साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता बढाउने,<br>३. अपाङ्गता हुन नदिन समयमा नै पहिचान, रोकथाम, न्यूनिकरण र अपाङ्गता भएका व्यक्तिहरुलाई चिकित्सकीय तथा अन्य सेवाद्वारा पुनर्स्थापना गर्ने,<br>४. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य, तालिम, सीप, नेतृत्व विकास, लघु कर्जा, सहायक सामाग्री आदि) उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम तथा स्वावलम्बी बनाउने । |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाको साझेदारीमा यो कार्यक्रम संचालन गर्नुपर्नेछ ।<br>२. १५ दिनको म्याद राखी सूचना प्रकाशन गरी सम्वन्धित संघ संस्थाहरुका लागि प्रस्तावपत्र पेश गर्न आह्वान गर्नुपर्नेछ ।<br>३. अपाङ्गताको क्षेत्रमा कार्य गरेका, प्रचलित कानुन बमोजिम प्रस्तावपत्र पेश गरी कार्यक्रम गर्न योग्य र सम्भव भएसम्म सम्बन्धित स्थानीय तहमा कार्यरत नभए सम्वन्धित जिल्लामा कार्यरत संस्थाले यस कार्यक्रमका लागि प्रस्तावपत्र पेश गर्न सक्नेछन् ।<br>४. प्राप्त प्रस्तावपत्रको उपयुक्त मापदण्डको आधारमा कार्यक्रम संचालन गर्ने साझेदार संस्थाको छनौट गर्नुपर्नेछ । त्यस्तो मापदण्ड र आधार सम्बन्धित स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ ।<br>५. छनौट भएको संस्थासँग सम्वन्धित स्थानीय तहले सम्झौता गरी उक्त सम्झौताको शर्तको अधीनमा रही कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| सि. वि. आर. समन्वय तथा अनुगमन समिति | प्रत्येक स्थानीय तहमा तपसिल बमोजिमको सी. बी. आर. समन्वय तथा अनुगमन समिति रहनेछः<br>१. सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष - संयोजक<br>२. सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य<br>३. सम्बन्धित जिल्ला/ स्थानीय तहमा अपाङ्गताको क्षेत्रमा कार्यरत संघ/संस्थामध्येबाट संयोजकले मनोनित गरेको १ जना - सदस्य<br>४. अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्य मध्येबाट संयोजकले मनोनित गर्ने १ जना - सदस्य<br>५. सम्बन्धित स्थानीय तहको महिला तथा बालबालिका शाखा/सामाजिक विकास शाखा हेर्ने कर्मचारी - सदस्य-सचिव |
| सि.वि.आर. समन्वय तथा अनुगमन समिति काम, कर्तव्य र अधिकार | (क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्य क्षेत्रगत शर्तहरु (TOR) निर्माण गर्ने,<br>(ख) संघसंस्था छनौटको मापदण्ड र आधार तयार गर्ने,<br>(ग) सूचना बमोजिम प्राप्त प्रस्तावपत्रहरुको मूल्याङ्कन गरी संस्था छनौट गरी सम्झौताका लागि सिफारिस गर्ने,<br>(घ) सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए/नभएको अनुगमन गरी आवश्यक पृष्ठपोषण र निर्देशन दिने, |

| | |
|---|---|
| | (ङ) छनौट भएको संस्थाले सम्झौता बमोजिम कार्यक्रम संचालन नगरेको पाइएमा सम्झौता रद्द गरि अर्को संस्था छनौट प्रक्रियाका लागि सिफारिस गर्ने । तर संस्थालाई सफाइको मौका भने दिनुपर्नेछ । |
| अनुदान रकम उपलव्ध गराउन नहुनेः | देहायका संस्थाहरूलाई अनुदान रकम उपलव्ध गराउन पाइने छैन :–<br>(क) यस अघी स्थानीय तहबाट लिएको अनुदानको हिसाव पेश नगरेको,<br>(ख) अनुगमनबाट कार्यक्रम संतोषजनक रूपले सञ्चालन गरेको नदेखिएको,<br>(ग) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु संलग्न नगरेको एवम् संस्थाको विवरण पूर्णरुपमा उल्लेख नगरेको ।<br>(घ) गत आर्थिक वर्षको प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन पेश नगरेको,<br>(ङ) स्थानीय तहले तोकेको समयमा सम्झौता गर्न नआएको,<br>(च) कुनै गैर कानुनी कार्यमा संलग्न भई कालो सूचिमा परेको । |
| छनौट भएको संस्थाले संचालन गर्न सक्ने क्रियाकलाप | १. अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानूनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने,<br>२. स्थानीय तहमा तालिम संचालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयंसेवक लगायतका सरोकारवालाहरुसंग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने,<br>३. अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने,<br>४. अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेंवा, परामर्श, पूर्व तयारी कक्षा संचालन, समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यासायिक तालिम) स्वास्थ्यपोचार सेंवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने गराउने,<br>५. अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय निकायका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध, न्यूनिकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम, कार्यक्रम, गोष्ठी, सभा, अर्न्तक्रिया संचालन गर्ने गराउने,<br>६. अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामाग्री उपलब्ध गराउने,<br>७. अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्न अन्य क्रियाकलाप गर्ने । |
| अनुदान प्राप्त गर्ने संस्थाको दायित्व | अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नुपर्नेछ :–<br>(क) प्राप्त अनुदानको हिसाव किताब प्रचलित लेखा प्रणाली अनुसार राख्नुपर्नेछ,<br>(ख) वित्तीय तथा भौतिक प्रगति विवरण प्रत्येक चौमासिक सकिएको ७ दिनभित्र स्थानीय तहमा पेश गर्नुपर्नेछ,<br>(ग) आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र लेखा परीक्षण गरी सो को एक प्रति र त्यस उपर संस्थाको प्रतिकृया सहितको प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्नेछ । |
| बजेट बाँडफाँड | कार्यक्रम सञ्चालनका लागि प्रत्येक स्थानीय तह (११९) लाई रु. ३ लाखका दरले बजेट विनियोजन गरिएको छ । |
| खर्च र लेखापरीक्षणः | १. कार्यक्रम संचालनका लागि उपलब्ध गराइएको अनुदान रकम खर्च गर्दा संस्थाले प्रचलित सार्वजनिक खरिद कानुन, आर्थिक कार्यविधि कानुन तथा कार्यसंचालन निर्देशिकाको अधिनमा रही गर्नु पर्नेछ ।<br>२. संस्थाले प्रचलित लेखा प्रणाली बमोजिम पारदर्शी ढंगबाट खर्चको लेखा राख्नु पर्नेछ ।<br>३. कार्यक्रमको लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ । |

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कन | १. सि.वि.आर समन्वय तथा अनुगमन समितिले कार्यक्रमको नियमित अनुगमन गर्नेछ ।<br>२. सामाजिक विकास मन्त्रालय तथा अन्य सम्बन्धित निकायहरुबाट समेत कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरिनेछ । |
| प्रतिवेदन | कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले मन्त्रालयमा पठाउनुपर्नेछ । |

## ३. PLMBIS Code No. ६.२.२.३८० बाल मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | १. बालबालिका माथि हुने सबै किसिमका शारिरिक वा मानसिक हिंसा, क्षती वा दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट संरक्षण गर्ने,<br>२. बालबालिकाको सर्वाङ्गिण विकास तथा अर्थपूर्ण बाल सहभागितामा अभिबृद्धि गर्ने,<br>३. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सरोकारवाला निकायहरुबीच समन्वय, सहकार्य र साझेदारी नीति अवलव्वन गरी संस्थागत क्षमता विकास गरी बालमैत्री प्रदेश निर्माणमा सहयोग पुऱ्याउने । |
| सञ्चालन गर्न सकिने कार्यक्रम | १. प्रत्येक बालबालिकाहरुले पूर्ण रुपमा खोप) डिपिटी, विसिजी, हेपाटाइटिस बि, हिब ३, दादुराको मात्रार ( ६ महिना देखि ५ वर्ष सम्मकाबालबालिकाहरुले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाउने कार्यक्रम संचालन गर्न,<br>२. गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएर नवजात शिशुको संरक्षण गर्न,<br>३. ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान (आमाको दूधमात्रै खुवाउने), ५ वर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता सम्वन्धी अभियान चलाउन,<br>४. बाल विवाह अन्त्य, निकृष्ट प्रकारको बालश्रम तथा घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन,<br>५. बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याउन,<br>६. ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना गर्न तथा कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शत प्रतिशत बालबालिकाहरु लाई विद्यालय भर्नाका लागि अभियान संचालन गर्न,<br>७. औपचारिक शिक्षाबाट बञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था सम्वन्धी कार्यक्रम संचालन गर्न,<br>८. प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था तथा प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन गर्न,<br>९. स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष सम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराउन तथा क्षमता विकास गर्न,<br>१०. स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिने कार्यक्रम गर्न।<br>११. स्थानीय तहको हरेक वडा र पालिका तहमा बालक्लब सञ्जाल गठन भै क्रियाशील गराउने कार्यक्रम गर्न,<br>१२. स्थानीय तहले बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउन, |